नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

फोन नं.

पत्र संख्याः-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मितिः २०७७/०३/०९

# प्रेस विज्ञप्ति ।

हाल विश्वव्यापी महामारीका रुपमा फैलिरहेको कोभिड-१९ का कारण स्वास्थ्य क्षेत्र मात्र नभई देशको समग्र आर्थिक तथा सामाजिक क्षेत्रमा पर्न सक्ने दीर्घकालीन असरलाई मध्यनजर गर्दै देश भित्र विज्ञान र प्रविधिका विभिन्न क्षेत्रमा क्रियाशील व्यक्ति र संघसंस्थाहरुवीचको समन्वयलाई बलियो बनाउने र उत्पन्न हुनसक्ने परिस्थितिको सामना गर्न तत्कालीन, मध्यकालीन र दीर्घकालीन रुपमा गर्नुपर्ने कार्यहरुको कार्ययोजना बनाउने उद्देश्यले मिति २०७६।१२।१५ को यस मन्त्रालय (माननीय मन्त्रीस्तर) को निर्णयानुसार पूर्व विज्ञान, प्रविधि तथा वातावरण मन्त्री श्री गणेश साहको संयोजकत्वमा विभिन्न निकायका प्रतिनिधि तथा विज्ञहरु सम्मिलित एक उच्च स्तरीय निर्देशक तथा समन्वय समिति र विभिन्न विषयगत उपसमितिहरु समेत गठन भएको थियो । उक्त समितिले विभिन्न चरणमा भर्चुअल बैठक तथा छलफलहरु गरी वैज्ञानिक अनुसन्धान,वैज्ञानिक चेतना र संचार, प्रविधि विकास र उन्नयन, निदान तथा परिक्षण (Diagnostic test), शिक्षण विधि र बैकल्पिक व्यवस्था, नीति तथा लगानी व्यवस्थापन लगायतका क्षेत्रगत कार्ययोजना समेटी तयार गरेको प्रतिवेदन यही मिति २०७७/०३/०८ गते समितिका संयोजक श्री गणेश साहज्यूबाट माननीय मन्त्री श्री गिरिराजमणि पोखरेलज्यू समक्ष पेश गरिएको व्यहोरा जानकारिका लागि अनुरोध छ ।

(दीपक शर्मा)
सहसचिव एवम् प्रवक्ता